# विशाल बजार कम्पनी लिमिटेड

**शुक्रपथ, काठमाण्डौ**

## वार्षिक साधारण सभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८१/११/१०

**श्री शेयरधनी महानुभावहरू,**

यस कम्पनीको सञ्चालक समितिको मिति २०८१/१०/२८ गते बसेको १५३०औं बैठकको निर्णय अनुसार यस कम्पनीको ३४औं साधारण सभा देहायको मिति, समय र स्थानमा गर्ने भएको ले सम्पूर्ण शेयर धनी महानुभावहरुको उपस्थितिका लागि अनुरोध गरिन्छ ।

मिति : २०८१ फागुन २८ गते बुधवार
समय : विहान ११:०० बजे ।
स्थान : नेपाल ए.पी.एफ.क्लब हलचोक, काठमाण्डौ ।

### वार्षिक साधारण सभाका विषयहरु:

**साधारण प्रस्ताव**

१. श्री अध्यक्षज्यू बाट प्रस्तुत हुने सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. लेखा परीक्षकद्वारा लेखा परीक्षण सम्पन्न भएको कम्पनीको आर्थिक वर्ष २०७०/०७१ देखि २०७५/०७६ सम्मको आर्थिक विवरण (वासलात, आय विवरण नगद प्रवाह विवरण) तथा लेखा परीक्षकको प्रतिवेदन छलफल गरी पारित गर्ने:।
३. सञ्चालक समितिवाट नियुक्त लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक अनुमोदन गर्ने ।
४. १४ प्रतिशत अन्तरिम नगद लाभांश घोषणा गरी नेपाल सरकारलाई वितरण गरेको नगद लाभांश अनुमोदन गरी अर्थ मन्त्रालयको सहमति अनुसार अन्य शेयरधनीलाई १४ प्रतिशत नगद लाभांश वितरण गर्ने ।
५ आर्थिक वर्ष २०८०/०८१ र २०८१/०८२ को लागि लेखा परीक्षक नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।
६. सञ्चालक समितिको आर्थिक वर्ष २०७५/७६ सम्मको भत्ता एवं सुविधाहरु अनुमोदन र सोको निरन्तरता दिने ।
७. शेयरधनीका तर्फवाट सञ्चालक राजेन्द्र कुमार वैद्यले दिएको राजिनामा अनुमोदन गर्ने र सर्वसाधरण शेयरधनीको तर्फवाट नयाँ सञ्चालक निर्वाचन गरी नियुक्त गर्ने ।

**विशेष प्रस्ताव**

८. सम्मानित सर्वोच्च अदालतको र श्री उच्च अदालत पाटनबाट आदेश/फैसाला बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयमा अभिलेखिकरण गरिएको कम्पनीको शेयर पूँजी ४ अरव १ करोड अनुमोदन गर्ने ।
९. कम्पनी ऐन, २०६३ अनुसार कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको ढाँचा परिवर्तन पारित गर्ने ।
१०. कम्पनीको पसलकवलसँग शेयर गाभी स्वतः नविकरण हुने गरेको सम्झौता खारेज गर्ने ।

**विविध**

### वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारी:

१. यस कम्पनीको ३४औं वार्षिक साधारणसभा प्रयोजनको लागि मिति २०८१/११/०९ गते यस कम्पनीको शेयरधनी दर्ता किताब तथा शेयर दाखिला खारेजीको कार्य बन्द रहनेछ । शेयरधनी किताब बन्द भएको अघिल्लो दिन मिति २०८१/११/०८ गते सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई यस कम्पनीको शेयर रजिष्ट्रार श्री प्रभु क्यापिटल लि., कमलादी, काठमाडौंमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरु मात्र ३४औं वार्षिक साधारण सभामा भाग लिन र लाभांश प्राप्त गर्न योग्य मानिने छन् ।
२. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी महानुभाबहरूको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान १० बजेदेखि खुला रहनेछ ।
३. सभामा भाग लिन आउनुहुने शेयरधनी महानुभावहरूले हितग्राही खाता (डिम्याट) खोलिएको पत्र, शेयर प्रमाणपत्र वा सोको प्रतिलिपी र आफ्नो परिचय खुल्ने प्रमाण पत्र वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ ।
४. सञ्चालकको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतबाट मिति २०८१/११/१४ गते कम्पनीको सूचना पाटीमा प्रकाशित गरिनेछ। यस सम्बन्धी जानकारी कम्पनीको वेवसाइट मा पनि हेर्न सकिने छ । निर्वाचन अधिकृतको कार्यालय कम्पनीको कार्यालय, शुक्रपथ, न्यूरोड, काठमाडौंमा रहनेछ ।
५. शेयरधनी महानुभावहरूको जानकारीका लागि कम्पनीको विस्तृत आर्थिक विवरण तथा सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीहरू कम्पनीको वेबसाइट www.bishalbazar.com.np मा हेर्न वा कम्पनीको कार्यालय, शुक्रपथ, काठमाडौबाट लिन सकिने छ। उक्त प्रतिवेदन सभा हुने समयमा सभास्थलमा समेत उपलब्ध हुनेछ ।
६. सभामा भाग लिन वा मतदान गर्न प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले सभा सुरु हुने समय भन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात मिति २०८१/११/२६ गते बिहान ११:०० बजे भित्र यस कम्पनीको कार्यालय, शुक्रपथ, काठमाडौंमा (प्रोक्सी) फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै प्रतिनिधि मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र सोहि कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी समेत हुनुपर्नेछ । प्रोक्सी फारमको ढाँचा कम्पनीको वेबसाइट www.bishalbazar.com.np बाट डाउनलोड गर्न सकिने छ ।
७. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउने छन् ।
८. सयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउने छन ।
९. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूलाई सकेसम्म झोला तया अन्य सामानहरु नलिई आउनुहुन अनुरोध गरिन्छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनुहुन समेत अनुरोध गरिन्छ ।
१०. अन्य कुनै जानकारीका लागि कम्पनीको कार्यालय, शुक्रपथ, काठमाडौँमा सम्पर्क गर्नुहुन वा कम्पनीको वेवसाइट www.bishalbazar.com.np मा हेर्नुहुन अनुरोध छ ।

**नोट**: मिति ०८१/१०/२९ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित कम्पनीको ३४औं वार्षिक साधारण सभा सम्बन्धि सूचनामा साधारण सभा हुने स्थान: नेपाल ए.पी.एफ.क्लब हलचोक, काठमाण्डौ र प्रोक्सी दर्ता गर्ने समय साधारण सभा हुने समय भन्दा ४८ घण्टा अर्थात मिति २०८१/११/२६ गते समय ११:०० बजेभित्र हुनुपर्नेमा अन्यथा भएकोले त्रुटि सच्याईएको छ ।

**सञ्चालक समितिको आज्ञाले**
**विशाल बजार कम्पनी लिमिटेडको तर्फबाट**
**प्रबन्ध सञ्चालक**
**फोन नं. ०१-५३२२४२३/५३४२१८५**